नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७७।७८

चलानी नं: ९६५६

मितिः २०७७/११/२८

श्री स्थानीय तह (सबै),

विषयः आर्थिक तथा प्रशासनिक जिम्मेवारी सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको रुपमा यस मन्त्रालयबाट कामकाज गर्न खटाईने व्यवस्था भएको र कुनै स्थानीय तहहरुमा दरवन्दी अनुसार कर्मचारी पदपूर्ति नहुँदा र कार्यरत प्रमुख प्रशासकीय अधिकृत सरुवा भई रमाना लिई अन्यत्र हाजिर हुन गई १५ (पन्ध्र) दिन भन्दा बढी नयाँ प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदा सम्मको लागि दैनिक प्रशासनिक तथा आर्थिक कारोवार सञ्चालन गर्न देहायको आधार बमोजिम आर्थिक तथा प्रशासनिक जिम्मेवारी दिईने व्यहोरा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७/११/२० को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

क. सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारी मध्ये जेष्ठ कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत (आर्थिक तथा प्रशासनिक जिम्मेवारी सहित) को जिम्मेवारी दिन कार्यपालिका बैठकबाट निर्णयको प्रतिलिपि र स्थानीय तहको प्रमुख वा अध्यक्षको सिफारिस सहितको अनुरोध पत्र, रिक्त भएको कारण र पुष्टयाई गर्ने कागजात (जस्तै सरुवा पत्र, रमानापत्र) सहित यस मन्त्रालयमा लेखी पठाउने र मन्त्रालयले निर्णय गरी आर्थिक तथा प्रशासनिक जिम्मेवारी दिने,

ख. पालिकामा कार्यरत कर्मचारीहरुमध्ये ज्येष्ठ कर्मचारी हो भनी प्रशासन महाशाखा/शाखा प्रमुखले प्रमाणित गरे पश्चात मात्र कार्यपालिकाको बैठकबाट आर्थिक तथा प्रशासनिक जिम्मेवारी दिन निर्णय गरी यस मन्त्रालयमा सिफारिस गर्नु पर्ने,

ग. एकै तह/श्रेणीका एक भन्दा बढी कर्मचारी कार्यरत भएमा सम्वन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहित स्थानीय तहको प्रमुख वा अध्यक्षको सिफारिस बमोजिम मन्त्रालयले जिम्मेवारी प्रदान गर्ने,

घ. स्थानीय तहबाट कनिष्ट कर्मचारीहरुलाई प्रशासनिक तथा आर्थिक जिम्मेवारी दिन सिफारिस भई आएमा मन्त्रालयले सम्वन्धित स्थानीय तहमा समायोजन, पदस्थापन तथा कार्यरत कर्मचारीहरुको सूची हेरी ती मध्ये प्रशासन सेवा तर्फ नभए अन्य सेवाका जेष्ठ कर्मचारीलाई जिम्मेवारी प्रदान गर्ने,

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : ०७७/७८

चलानी नं:

ङ. उपरोक्त अनुसार फरक पर्ने गरी सम्बन्धित पालिकाहरुले कनिष्ठ कर्मचारीहरुलाई जिम्मेवारी दिएको भनी यस मन्त्रालयमा निवेदन प्राप्त भएमा सो बमोजिम छानविन गरी कनिष्ठ कर्मचारीबाट भएका सम्पूर्ण कार्यहरु रद्द गरी मन्त्रालयले जेष्ठ कर्मचारीलाई जिम्मेवारी दिन सक्ने।

च. प्रशासनिक तथा आर्थिक जिम्मेवारी प्राप्त भई निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट कार्य सञ्चालन भएका स्थानीय तहहरुमा मन्त्रालयबाट कामकाजमा खटाईएका प्रमुख प्रशासकीय अधिकृतहरुलाई हाजिर नगराएमा सो अधिकार रद्द गरी सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराउने । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) को प्रावधान विपरित सम्बन्धित पालिका प्रमुखले पालिकामा कार्यरत कुनै कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएमा उक्त कार्य कानूनतः गैरकानूनी हुने ।

२०७७/११/२८

(सागर के.सी.)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, (Website मा Upload गरिदिनु हुन)

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।